पर्सा जिल्लाको पोखरियामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असोज १३ गते देखि १५ गतेसम्म पर्सा जिल्लाको पोखरियामा **"ब्यवसायिक गाई/भैंसीपालन तालिम"** सम्पन्न गरेको छ । संस्थाका पोखरिया शाखा कार्यालयका शाखा प्रमुख श्री रामरक्षा यादवले कार्यक्रमको महत्व तथा उद्देश्य बारे जानकारी गराएका थिए । यस तालिममा २ वाह्य विशेषज्ञ सहित संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनी प्रशिक्षक रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरीरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारे संस्थाको पोखरिया शाखा कार्यालयका प्रमुख श्री रामरक्षा यादवले प्रकाश पारेका थिए ।

तलिममा रोगी तथा निरोगी गाई/भैसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्ष्ण, उपचार तथा रोकथामका उपायहरु,

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गाई/भैसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाई/भैंसीपालनको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा गाई/भैंसीको योग्यदान, दुधालु गाई/भैसी छनौट गर्ने प्रक्रिया र यसको महत्व, गाई/भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका, कृत्रिम/प्राकृतिक गर्भाधान, यसको महत्व र गाई/भैंसीमा बाँझोपनाका मुख्य मुख्य कारणहरुको साथै समाधानका उपायहरु, गाई/भैसी पालन विधि, उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई(ठाउँ)को आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका, ब्याउने गाई/भैंसी, दुहुना गाई /भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व, दुधालु गाई /भैसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका, गाई /भैसीमा हने आन्तरीक तथा बाहय परिजीवीहरुको नियन्त्रणको साथै खोप कार्यक्रम, उन्नत/ गाई भैसीं पालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरीका र यसको महत्व । गाई र भैसीपालन ब्यवसायको बाजार ब्यवस्थापन, गाई /भैसीमा लाग्ने मुख्य मुख्य रोग बारे सामान्य जानकारी, लक्षण, उपचार तथा रोकथामका उपायहरु सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने पोखरिया शाखा कार्यालयका प्रमुख श्री रामरक्षा यादवले बताएका थिए ।




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु,

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

१० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।



संस्थाले २०७६ श्रावण मसान्तसम्ममा ३ लाख ५८ हजार ६०१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६१ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १५ करोड बचत परिचालन गरेको छ । गाई /भैंसीपालन गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख श्री रामरक्षा यादवले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री जानकी देवी, सहभागी श्री रबया खातुनले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा गाई/भैसीपालन तालिम गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । गाई/भैसीपालन तालिम गरी रहेका र गर्न इच्छुक रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गराईएको संस्थाका क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले जानकारी गराएका थिए । तालिमको संचालन पोखरिया शाखाका शाखा प्रमुख श्री रामरक्षा यादवले गरेका थिए ।



*अबलोकन भ्रमणका क्रममा*

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 